राष्ट्रिय सूचना आयोग
प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

आदेश

मु.नं. ३६७/२०७१/०७२

निर्णय नं. ७५९

मोरङ्ग जिल्ला, विराटनगर उपमहानगरपालिका-१६, पाँचाली बस्ने फणिराज नेपाल ..............१ पुनरावेदक

विरूद्ध

कार्यालय प्रमुख, जिल्ला प्रशासन कार्यालय, विराटनगर, मोरङ्ग ..........................................१ विपक्षी
कार्यालय प्रमुख, जिल्ला प्रहरी कार्यालय, विराटनगर, मोरङ्ग ..........................................१
कार्यालय प्रमुख, विराटनगर उपमहानगरपालिका, विराटनगर, मोरङ्ग.....................................१

विषय :- सूचना दिनू भनिएकोमा पाईन भन्न नआएकोले तामेलीमा राख्ने ।

मोरङ्ग जिल्ला, विराटनगर उपमहानगरपालिका-१६, पाँचाली बस्ने फणिराज नेपालले जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय र विराटनगर उपमहानगरपालिका, विराटनगर, मोरङ्ग गरी ३ वटा निकायसँग सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७१।१२।२६ मा पुनरावेदन गरेको । तत् पश्चात आयोगको च.नं. ८२३ मिति २०७१।१२।३० को पत्रबाट जिल्ला प्रशासन कार्यालय र च.नं. ४७ मिति २०७२।०४।१४ को पत्रबाट जिल्ला प्रहरी कार्यालय र च.नं. ४८ मिति २०७२।०४।१४ को पत्रबाट बिराटनगर उपमहानगरपालिकालाई के कति कारणले पुनरावेदकलाई सूचना उपलब्ध नगराइएको हो भनी लेखी गएको ।. उक्त पत्राचार पश्चात पुनरावेदकले सूचना पाए नपाएको सम्बन्धमा कुनै पनि जानकारी प्राप्त हुन नआएको र यसरी लामो अवधिसम्म पनि सूचना पाईन भनी पुनरावेदक स्वंयले पनि कुनै पनि निवेदन/उजुरी गरेको नदेखिएको हुँदा पुनरावेदकले सूचना पाईन भनी निवेदन/उजुरी गरेका बखत कारवाही प्रक्रिया अगाडि बढाउन सकिने नै हुँदा हाललाई प्रस्तुत पुनरावेदन तामेलीमा राखिएको छ । प्रस्तुत पुनरावेदनको लगत तामेलीमा दर्ता गरी राख्नु ।

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

इति सम्वत् २०७३ वैशाख ५ गते रोज १ शुभम्